दायित्व

(मासिक)

वर्ष ८ / पुष, माघ, फागुन संयुक्ताङ्क २०५१ / पूर्णाङ्क २४

प्रधान संम्पादक
रामप्रसाद पन्त

सल्लाहकार
डा मथुरा के. सी.

रचना संपादक
तारा कार्की

संपादन सहयोगी
ठाकुरप्रसाद शर्मा

क्षेत्रीय प्रतिनिधि
सुनिल नेपाल
विष्णु भण्डारी
विष्णु ज्ञवाली

व्यवस्थापक
लक्ष्मी पन्त

विशेष सहयोगी
कृष्णबहादुर थापा
मुकुन्द शर्मा
माधव शर्मा

यस अङ्कका श्रष्टाहरू:-

कृष्ण प्रधान-१/ मनु ब्राजाकी-४/ मुरारी पराजुली-४/ गोपाल बहादुर नेपाली-५/ प्रा. भवानीप्रसाद शर्मा-७/ राजेन्द्र प्रसिरा-८/ खिला तुम्वाहाम्फे-९/ वीरभद्र कार्की ढोली-१०/ यदु पन्थ-११/ इन्द्रकुमार श्रेष्ठ 'सरित्'-१२/ विभुभिक्षु गुरुङ-१३/ बी. पी. मल्ल-१४/ रामेश्वर राउत 'मातृदास'-१५/ नन्दा बस्नेत-१६/ दुर्गाचरण थापा-१७/ यज्ञविक्रम शाही-१८/ हरिशरण थापा-१८/ राजेस छेत्री-१९/ मैयाँ मल्ल-१९/ अम्बर मिश्र 'घायल'-२०/ ध्रुव चौहान-२१/ डी. बी. राई-२२/ रामहरि बञ्जारा-२३/ ठाकुर शर्मा-२४/ महेश रेग्मी-२५/ गोविन्द गिरि प्रेरणा-२६/ गायत्री बिष्ट 'गार्डेले'-२७/ सेवकप्रसाद नेपाल-२८/ त्रिविक्रम पाण्डे-२८/ कृष्ण कार्की-२९/ दुवसु क्षेत्री-३०/ व्याकुल माइला-३१

प्रकाशन/कार्यालय
चावहील, काठमाडौं

पत्राचार
पो. व नं. ६७६६ काठमाडौं

मूल्य:-
ने. रु. १०।-, भा. रु. १०।-

सम्पादकीय

- दायित्व प्रकाशनले 'दायित्व' लाई एउटा कर्तव्यको रूपमा स्वीकार गरेर प्रकाशित गर्दै लगेको क्रममा हाल कविता अङ्क पाठक समक्ष ल्याउन सफल भएकोमा हामी आफूलाई गौरवान्वित ठानेकाछौं । लेखकहरूबाट प्राप्त सामग्रीहरूमध्ये कविता विधा बढी प्राप्त हुने गरेको र तीमध्ये पनि करिब ७५% प्रतिशत कविता नवप्रतिभाका कविताहरू हुने गरेको सन्दर्भमा ती प्रतिभाहरूलाई प्रोत्साहित गर्न हेतुले पनि यो अङ्कलाई कविता अङ्कको रुप दिइएको हो । तर यस अंकमा प्रस्तुत कविहरू सबै नव प्रतिभा हुन भन्ने चाहीं होइन ।

- स्थापित प्रतिभाहरूको उचित संमान एवं कदर र नयाँ प्रतिभाहरूको प्रोत्साहन हाम्रो प्रारंभिक थालनी हो । केही लाई छाडेर नवप्रतिभाहरूले आफ्नो लेखनकलालाई प्रायः कवितावाटै प्रारम्भ गरेका हुन्छन् र यो थालनीको सरल विषय पनि हो । उनीहरूको उत्साहलाई उचित प्रोत्साहन प्राप्त भएन भने मौलाउन लागेको पालुवा त्यसै ओइलाएर जान सक्छ । तसर्थः उनीहरू हाम्रै भविष्यका साहित्य र संस्कृतिका संरक्षण एवं वाहक तत्व हुन भन्ने ठानेर उनीहरूप्रति सद्भाव अभिवृद्धि गर्न तर्फ विज्ञवर्गको ध्यानाकृष्ट हुनुपर्छ भन्ने हाम्रो सोचाइछ ।

- हामीले आगामी अङ्क (२५ औं पूर्णाङ्क) लाई रजत अङ्कको रूपमा प्रकाशित गर्न थालेका छौं । त्यस अङ्कमा देशविदेशका सबै नेपाली साहित्यकारहरूका विविध सामग्रीहरू अटाउन हाल्ने हाम्रो प्रयास रहनेछ र सो अङ्कको लागि नेपाली साहित्य र संस्कृतिको संरक्षण एवं विकास गर्न बल पुऱ्याउने खालका अनुसन्धानमूलक एवं समसामयिक विषयवस्तुलाई परिलक्षित गर्न खालका कोसेलीहरू पाउन सकेमा प्रकाशन हुन गैरहेको सो अङ्क अझ बढि पठनीय एव संग्रहणीय हुने थियो ।

- अन्तमा हामीलाई सधैं माया गर्ने हाम्रा शुभेच्छुक पाठकवृन्द तथा विज्ञापन दाताहरूले लगाएको गुन हामी कहिल्यै भुल्न सक्दैनौं । नेपालीहरूले प्रजातन्त्र पाएको दिन २००७ साल फागुन ७ गतेको दिनलाई स्मरण गर्दै प्रजातान्त्रिक अभ्यासमा लागेका सम्पूर्ण नेपालीहरूले चाडोभन्दा चाडा प्रजातन्त्रको असली स्वाद उपभोग गर्न सकुन् । यही शुभकामनाका साथ.....।

रामप्रसाद

हराएको कविता

— कृष्ण प्रधान

आज अचानक
मेरो कविता हरायो
कविता के हरायो
मेरो कवि नै हरायो ।
मबाट खोई त्यो कहाँ भाग्यो
लुसुक्कै थाहै नदिई खोई कता भाग्यो
आज अचानक
मेरो कविता हरायो ।
लेखेको भए हुन्थ्यो
कतै सम्पादक कहाँ थन्किन्थ्यो के भयो त ठिकै हुन्थ्यो
तर नलेखेको कविता हरायो
मेरो अन्तस्करणबाटै लुसुक्क भाग्यो ।
आज अचानक मेरो कविता हरायो ।

सपनाबाट कसैले चोर्ला भनेर खुबै जतन गरेर हुर्काएको थिएँ
मनमनै आर्द्रतामा पालेको थिएँ
कसैले खोस्ला भनी मुटुमै साँचेको थिएँ
तर अचानक मलाई विश्वासघात गरेर लात बजार्ला भन्ने चिताएको पनि थिइन । कविताले यसरी ठग्ला लागेको थिएन

कमसेकम मजस्तो निरिह प्राणीलाई नठगेको भए हुन्थ्यो
कविताले मैलाई यसरी नठगेको भए हुन्थ्यो ।
कविताहरूको असार रोप्न कति गाह्रो हुन्छ
तर कविताले नै ठगेपछि
कवितालाई नै कसरी विश्वास गर्ने ?
ए कवि ! भन तिमी सँधै यसरी ठगिइ नै रहने कि ?
कवितामाथि उजुर हाल्ने ?
तर, कहाँ हुन्छ र कविताको सुनुवाइ ?
जब मैलाई विश्वासघात गर्छ भने कविताले
कविताको अर्थ नै रह्यो के ?
आज अचानक मबाट मेरो कविता हरायो
मेरो कवि हरायो ।
लाग्छ अब मेरो कवि बूढो भयो/कुप्रो भयो/हिडडुल गर्न नसक्ने भयो
विचरा कवि कविता नकोर्ने भयो ।
तेसैले हरायो ।
होइन होइन तेसो होइन पटक्कै होइन
कविता र कवि कहिल्यै बूढो हुँदैन ।
तर यो के भयो
लौ न साँच्ची अचम्मै भयो
मेरो हृदयबाट कवितै हरायो

मेरो कलमबाट कविते हरायो ।
लेखिएको भए हुन्थ्यो
कते सेन्सरमा त थन्किन्थ्यो
तर के अचम्म भयो
नलेखिएकै कविता हरायो
मेरो हृदयबाट एउटा कबि हरायो ।
कते तेञ्जीङ्ग नोर्गेहरूले भेटेका छन् कि हिमाल चढ्दा
कते सुन्दरे शेर्पाहरूले भेटेका छन् कि हिउँको भारी बोक्दा
हिमालमा चिसिदै रात बिताउँदै पो छ कि मेरो कविता ।
देउराली र भज्याङ तिर डोको नाम्लोमा पो अड्के छ कि
मेरो कविता
हावाले थपक्कै नहल्लाई हिउँ भित्र पो छोपिराख्या छ कि
मेरो कविता । पक्कै पनि पिंजरामा त परेन होला ।
किनभने सूगा त थिएन मेरो कविता ।
लौ न के भयो
यो अचम्मै भयो
मेरो नलेखिएको कविता हरायो ।
सपनाबाट पनि चोरेर लान नसकेको कविता
आज अचानक गायब भयो ।
लौ न के भयो
लेखिएको भए हुन्थ्यो बरु
कते त्यो प्रतिष्ठानमा कैद हुन्थ्यो
र मेरो मृत्युमा भूत बनी तर्साउन्थ्यो
तर नलेखिएको कविता चाहि हरायो
आज अचानक मबाट मेरो कविता हरायो
कविता के हरायो
मेरो कवि हरायो ।
बोलाएको पनि होइन=थिएन तेस्तो केही लक्षण पनि ।
ते ते बोलाउँदाको ठूङ्ग्योनी त हुन्थ्यो=राँची पुग्थ्यो ।
राँची नपुगे पनि थाती रहन्थ्यो काती रहन्थ्यो
लौ न के भो के भो
मेरो सढे – कविता हरायो ।

मसँग=अझ मेरो छाँयासँग सँगै हिंड्ने
मेरो कविता हरायो ।
बाढीले बगाएको भए कते तरेली लाग्थ्यो किनारमा
सपनाबाट खसेको भए बिहान बाँच्न हुन्थ्यो विपनामा
किनारै छैन उ समाउने तेसको
कहाँ खोजूँ म अनुहार अब यसको ।

ए ! पर्ख, कसैले मेरो कवितालाई छाँद हाल्ने काममा
राख्यो कि
पक्ष त्यो कसैलाई पनि काम लाग्दैन ।
कबिलाई बाहेक कविता कसैलाई काम लाग्दैन
इमान्दार छन् कोही भने मेरो हराएको कवितालाई
कृपया थपक्कै निम्न ठेगानामा बुझाइदिनु
म नलेखिएको एउटा कविताबाट
थुप्रै थुप्रै अरू कविताको
उपहार दिनेछु बदलामा

एउटा कविसित त्यो भन्दा बढ्ता
आर्को कुन उपहार हुन्छ र ?
कुन पुरस्कार हुन्छ र ?
मेरो हराएको कविता

मेरो⇒ ख–१/६१५ काठमाण्डु–२ डिल्लीबजार ⇐जीउँदो शरीरलाई सुम्पनू ।

किनभने मेरो साथ्खे कवि त कवितासितै हराएको छ ।
अहिले त्यो कवि विहीन भएको छ ।
मणि हराएको सर्प झैं
सीउर हराएको पंक्षी झैं
मेरो कविता अहिले कवि विहीन भएको छ
मेरो कवि अहिले कविता विहीन भएको छ ।
कसैलाई काम लाग्दैन
'खाली शिशी पुराना कागज' भित्र परेको भए

त्यो निर्यात भैसक्यो कि
भंसारमा कुनै राजस्व नकमाउने त्यो कविता
कृपया मेरै कविलाई फर्काइदिनु
त्यो मेलाई बाहेक कसैलाई काम लाग्दैन
कविताको अर्थ कविलाई भन्दा अरूलाई खुल्दैन
धूलो हो अरूलाई यसको अर्थ कसैलाई काम लाग्दैन
निरस हुन्छ यो यसैले 'खाली शिशी पुराना कागज'
बाट अर्को कविता फल्दैन ।
धूलो सो आँखामा लागे बिझाउँछ ।
गोली हो मुटुमा लागे मरिन्छ
यसैले यो कविलाई बाहेक कसैलाई काम लाग्दैन/लाग्दै
लाग्दैन !
मेरो हराएको कविता मलाई बाहेक कसैलाई काम
लाग्दैन ।
लेखिएको कविता भन्दा नलेखिएको कविता अमूल्य हुन्छ
सपनाबाट कसैले चोर्लान् भनेर जोगाईराखेको कविता
आज अचानक हराउँदा मेरो कविता होइन कवि हरायो
हृदयमा लुकाइराखेको कवि हरायो
उसले मलाई एक्लै पारेर गयो
मलाई टुहुरो बनाएर गयो
मेरो हृदयबाट एउटा कवि बेपत्ता भयो ।
एउटा होइन अनगिन्ती कविताहरू बेपत्ता भए
खोइ के भो के भो यो साह्रै अचम्म भो
मलाई आफ्नै कविले धोका दियो
कहाँ खोज्ने अब मेरो कविलाई ?
कहाँ खोज्ने मेरा कवितालाई
चसुर पालुङ्गको बजारमा टुकुचातिर ?
की सिमानामा कुनै देश छाडेर दश गजातिर
कविताको सिमाना नै यो कहाँ हुन्छ र खोजौं कुनै
देशमा भूगोल भित्र ।

आज अचानक मेरो कविताहरायो
कविता के हरायो मेरो कवि हरायो
त्यो कसैलाई काम लाग्दैन मबाहेक
कृपया कसैले पाउनु भएको भए
मेरो जीउँदो शरीरलाई सुम्पीदिनू
मबाट उम्किएको कविलाई कसैले कैद नगर्नू
म भित्री एउटा पिजरा पालेको छु उसलाई कैद गर्न
त्यो पिजरा अरूलाई ठीक हुँदैन=आकार मिल्दैन
साँचैमा ठाने पनि त्यो नक्कली जस्तो हुन्छ
मयूरको नक्कली नाँच जस्तो पिजराको आकार
खुल्छ खुल्छ ।
कैद नगरिदिनू कसैले यसलाई
बिचरा ! यसका पखेटा कुँजीएका छन्
यसका हात गोडाका जोर्नीहरूमा बाथ भएका छन्
त्यो कसैलाई काम लाग्दैन म बाहेक
लेखिएको भए काम लाग्थ्यो
नफर्काउँदा पनि हुन्थ्यो लेखिएको भए
तर नलेखिएको कविता हरायो
लौन यो के अचम्म भयो
म भित्रबाट मेरो कविता हरायो
कविता के हरायो कवि हरायो ।
अब मेरो हराएको कविताको रीत जारी हुन्छ हुँदैन ? ✱

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम
शाहदेवको ५० औं शुभ-जन्मोत्सवको सुखद
अवसरमा मौसूफ सरकारको सुस्वास्थ्य
एवं दिर्घायुको कामना गर्दछौं ।
हरिसिद्धि इटा तथा टायल
कारखाना लिमिटेड
परिवार

गजल

– मनु ब्राजाकी

बाँच्नुभन्दा पहिला नै आफूलाई मारेकै हो ।
जिल्नुभन्दा पहिला नै मैले यहाँ हारेकै हो ।
मालीहरू कोही पनि फूलबारीमा नदेखेर,
फूलैफूलको बगैंचामा स्यूँडी मैले सारेकै हो ।
साथीहरू संग मैले भेट गर्न डराएर,
मनको कोठा सिस्नोले नै आजदेखि बारेकै हो ।
भाग्य चोरी अरूको नै भाग्यशाली भए सबै,
आफ्नो भाग्य मैले पनि तिम्रालागि टारेकै हो ।
माथि–माथि जून–तारा आकाशमा देखेपछि,
उक्लौंभन्दा भन्याङ्गले मलाई तल झारेकै हो ।
वारि खोला पारि खोला, जिन्दगी हो खोलै–खोला,
आफूभने डुंगामा छु, सबैलाई तारेकै हो ।
भागी हिंडे भौंतारिंदै आफूभन्दा टाढा–टाढा,
जालभित्र आज भने 'मनु' लाई पारेकै हो ।

– लगनखेल

गीत

–मुरारि पराजुली

जून हाँस्ने अँधेरीको छैन अब रहर
आफ्नै भएँ मलामी म बताऊँ के खबर
बादल लाग्यो नराम्ररी मनको आकाशमा
डर लाग्छ हिंड्न पनि दिनको प्रकाशमा

पग्लिएर आँखबाट सिङ्गै सागर भरें
दुःखन पनि छाड्यो मुटु हजार चोटि मरें
रहरको फूलबारीमा उम्रिएका व्यथा
यिनै मेरा गीत गाथा यही जीवन कथा

नियतिको थप्पडले जीर्ण जिन्दगानी
विश्रान्तीको प्याला पाए पिउँथे खुसी मानी
छ त कतै मझेरीमा न्यानो लाग्ने घाम
पाए देखि लागिदिन्थें तिम्रा पछि लाम

मणिग्राम– रुपन्देही
हाल– काठमाण्डौ, कालीमाटी

विवाह, जन्मोत्सव आदि अवसरमा तपाई के उपहार दिनु हुन्छ ? आखिर जे दिएपनि सर्वोत्तम उपहार त पुस्तक नै हो । साझा प्रकाशनका पुस्तकहरू उपहार दिने बानी बसालौं ।

साझा प्रकाशन
पुल्चोक, ललितपुर

संकल्प

– गोपाल बहादुर नेपाली

आउ
एक छिन यहां बसौं
धेरै दिन भयो
हामीले एक-अर्कालाई नभेटेको
धेरै दिन भयो
हामीले दुःख-सुखका कुरा नगरेको
धेरै दिन भयो
हामीले मायाँ-प्रीतिका कुरा साटेको
धेरै दिन भयो
हामीले आफ्नो हृदय नखोलेको।
तिमी यहाँ निर्धक्क आउ
म अब
धेरै पीरहरूबाट मुक्त भएको छु
मानसिक तनाव, पछि छोडेर आएको छु
पाखँडी समाजलाई लत्याएर आएको छु
कुटिल व्यवस्थालाई बिसिएर आएको छु
तिम्रो लागि म
यहाँ सम्म
एउटा नयाँ संकल्प लिएर आएको छु
दिनको उदय साथ-साथै
यहाँसम्म पुग्न म
एउटा नयाँ आँट
एउटा नयाँ विश्वास
मुटुमा लिएर आएको छु
बितेका समयका तिरस्कार
घाउ-खाटाहरू
मैले सबै बिर्सी दिएको छु
मनलाई सम्झाई-बुझाई
आगामी दिनका संम्भावनाहरूलाई
कल्पना गरेर
एउटा नयाँ आशा संगालेर
म यहाँ सम्म आइ पुगेको छु।
मुटुमा आशा संगालेको छु
हाम्रो पनि कुनै दिन होला
हामी पनि आफ्ना भावनालाई
आकार दिन
एउटा सानो संसार
सिर्जन सकौंला।
मन, इच्छा, भावना
हात, श्रम, विश्वास

सबै लिएर आएको छु साथमा
अब न सोच मलाई
निर्धो–निस्सहाय
अब म कुनै
घेरा भित्र सिमित छैन
कुनै वाद–दृज्मले
मलाई टोक्न सकेको छैन
म
एक स्वतन्त्र–निस्पक्ष
प्राणी बनेको छु
जससंग तिमी नडराई
निर्भक्क
प्रेमालाप गर्न सक्नेछेउ ।
आउ, यहाँ बस एक छिन
गरौं धेरै कुरा–मनका आफ्ना–आफ्ना
पछि सम्मलाई फेरि–थाँती नराखेको र ।

गुवाहाटी, असम, भारत ।

*

श्री ५ महाराजाधिराज
वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको
५० औं शुभ-जन्मोत्सवको पूनीत उपलक्ष्यमा
मौसूफको सुस्वास्थ्य, दीर्घायु तथा समृद्धिका
निम्ति परमेश्वर सँग
सभक्ति मंगलमय कामना गर्दछौं ।
नेपाल राष्ट्र बैंक
परिवार

श्री ५ महाराजाधिराज सरकारको
शुभ जन्मोत्सवको पूनीत उपलक्ष्यमा
मौसूफमा सुस्वास्थ्य तथा दीर्घायुको
मंगलमय शुभ कामना व्यक्त गर्दछौं ।
मेयर
तथा
ललितपुर नगर पालिका
परिवार

बिहानी किरणको स्वागतमा

– खिला तुम्बाहाम्फे

अन्धकारको कालो पर्दा
छार छारती च्यातेर
जब प्रातः काल जन्मन्छ
मानौं त्यसबेला,
रातभरी अंध्यारोमा गुम्सिएको
प्रकृतिको आँखामा उज्यालो नाच्न थाल्छ
अनि,
चराचुरुङ्गीका आँखाहरू खुल्छन्
र गाउन थाल्छन्, मनका भाव खोलेर
मिरमिरेको खुशियालीमा
बिहानीको किरणसंगै नाच्न थाल्छन्
हर आंगनमा, हर संवारमा
त्यसैबेला म कल्पन्छु
सारा फूलहरू यसरी मुस्काइ दिन्छन्
जसरी तिमी खुशी भएको दिन
तिम्रो ओठमा सूर्य उदाएझैं लाग्छ
तिम्रो आराधनाको निम्ति म
बिहानै उठेर
मङ्गल ध्वनिहरू मुखबाट निकाल्दै
मनका सत्यहरू खोज्न
भरबाट हिंडिदिन्छु
सुनसान झिसमिसेमा
घेरै पर–पर
जहाँ, विशाल मन्दिर छ
त्यहाँबाट,
निरन्तर आइरहेको घण्टाको ध्वनिमा
म पनि समाहित भएर
मेरा मनकामनाहरू
यसरी ओल्याई दिन्छु
किन कि,
त्यो अस्पष्ट रातको विजयमा
घेरै–घेरै पंक्षीहरूले
साथै, म पनि
निःस्वार्थ स्वागतमा
सबेरै व्यूझेकी छु
समग्रमा बिहानी किरणको स्वागतमा ।

तेह्रथुम, म्याङ्लुङ्ग
हालः काठमाडौं ।

म त्यै साँझ ! खोज्दैछु अझै साँझमा

□ बीरभद्र कार्वीढोली

यो साँझ पनि सँधै जस्तो छन
यो रात पनि पहिले जस्तो छैन
त्यै गीत, तिमी नगुनगुनाऊ
मुढ पनि त सँधै जस्तो छैन ।

म त्यै साँझ ! खोज्छु साँझमा
सगर डढेको हो कि, के हो त्यो
मनमा आगो लाग्दै छ,
मन, कस्तरी घाम तापौं म
तिमीसँग चउरमा

त्यै बाटो फर्किन्छु म
क्यै देखितनँ नयाँ
जो देख्छु । देखिरहेकै देख्छु
मन, कुन परिवर्तनका कुरा गरौं तिमीसँग

म फर्किने बाटोमा
फटाक फुटूक मान्छे पनि हिड्दैनन् कोही बेला
म त्यै गीत गुनगुनाउँदै फर्किन्छु
जुन गीत घरमा तिमी पनि गुनगुनाउँदै हुन्छौ ।

मलाई त्यो मोह ! त्यो चाह उति छैन
अचेल यो रात पनि सँधै जस्तो छैन
त्यै गीत फेरि नगुनगुनाऊ
मुढ पनि त सँधै जस्तो छैन ।

मनमा आगो लागेको बेला छ
तिमी बतास भइ नपस
ऐले मलाई नदीको जरुरत छ ।

"यो निशा त्यागिदेऊ !"
तिम्रो मनोभाव पनि बुझ्छु म
ध्यान थुनेर
फेरि तिमी त्यै गीत नगुनगुनाऊ
जब म तिम्रो आँखा छलेर
निशामा डुब्न थालेको हुन्छु ।
त्यसो त यो निशा
तिमी पनि त होइनौ
जबलाई म, त्याग्न पनि सक्छु ।

म बुझ्छु । तिम्रो मनोभाव
यो बत्तीको पनि क्यै भरोसा छैन
जब कि मनले त्यो रात याद गर्न थालेको हुन्छ ।

यो मनलाई भुल्याउने
अर्को मन पनि छैन
म त्यै साँझ ! खोज्दै छु अझै साँझमा
त्यो साँझलाई बिर्साउने
त्यस्तो अर्को साँझ पनि छैन

✡

(पश्चिम सिक्किम)

"पुरानो घर"

– बिभूभिक्षु गुरुङ्ग

भित्ताहरू सबै चिच्याइरहन्छन्–
कमेरोले पोत्नु पन्यो !
पिँडी रोएर देख्छु,
गेरु–माटो नलेपेर ।

धुरीमा भाटाहरू लथालिङ्ग छन्
चोँया सुकेर भाँचिइसके
छानाभरि
बोके झार मलिकरहेको देख्छु,
त्यसैमा कुलेबा परेका छन् !
बलेनीको डिलमा
कता-कता घर रोएको पाउँछु
र आँसु बगीरहेको अनुभूति हुन्छ !!

झ्याल ढोका र दलिनहरू
पुराना शैलीका छन् !
पुराने बुट्टाले कुँदिएका छन् !!
भान्छा कोठामा,
भित्ताका खोपाहरू
सुन्दर-सुन्दर चित्रद्वारा खोपिएका छन्
हुनसक्छ, त्यो घर
मेरो बाजेको पाला देखिको हो;

पनि
एउटा अनुभवि र महापुरुषले मात्र
त्यस्तो घरको कल्पना गर्न सक्छ ।

प्रचण्ड गर्मी र खडेरीमा पाल्यो,
हुरी, बतास र भुँमरीबाट बचायो
झरी, शीत र तुषारोमा
न्यानो स्नेह दिएर छातिभरि कब्जायो
त्यो घर !
जसको रूप हराइसकेको छ, र
मबाट पनि ठूलो सजाय पायो ।
यसबाट मेरो घर धेरै धेरै रोयो
शायद आफू बूढो भएको
आभाष पो मिल्यो कि ?
उसको कारुणिक क्रन्दन
शाबद टाल्टुल पार्न नसक्दाको
मेरो विदीर्ण छाति जस्तै
भग्नावशेष हुनेरूप हेर्न
म विवश छु ।

पर्वत–हुवास ४,
बानीडाँडा

एक समर्पण- तिम्रो कैश्वर्यको नाम

– बी० पी० मल्ल,

आज फेरि पनि
सञ्जनाका तप्कनाहरू तप्केका छन्
अनि मैले यहाँ
तिम्रा नामका छाताले तर्काएको छु
आज फेरि पनि
तिम्रा आँखाहरूको प्रसङ्ग चलेको छ
अनि मैले यहाँ
आकाशका नीलिमाहरू बटुलेको छु ।

तिम्रो कैश्वर्य
मेरो निति एक कलम
जसले मेरो मुटुका तहमा
संझनाका थर्बती हरफहरू कोरेको छ
तिम्रो कैश्वर्य
एउटा मसीको दवात
जसमा मेरो मयूरपंखी लेखनी
पटक–पटक
हर हरफको निति डूबेको छ
अनि मैले यहाँ
मनको अलिखित पानाभरि
कति-कति मेघदूत लेखिदिएको छु;
मुना-मदनका कति युगलहरूलाई
जिजीविषाको भोटमा
कति पटक विच्छेद गराएको छु,
इन्दिरा कतिपयलाई
उसका उम्किसकेका मुकुन्दहरू
फेरि फिर्ता दिएको छु ।
तिम्रा जीवनका कति क्षणहरू
मन्मथखिन्न राधाको स्पर्शले
पटक–पटक द्रवित भएका छन्
अनि हर पटक
मेरा मनका भावनाका
महाकाल डाँडामा उभेर
मेरो भावनाकी राधालाई
स्पन्दित गराएको छु ।
अझ रात-विरात
मेरो मन-मन्दिरका देवकोटाले
कति–कति झ्याउरे लयहरूमा
मुनाल–मुनाकी मधुर कण्ठद्वारा
बिरह भरि गीतहरू भरिरहेका छन्

अनि म हर रात
मेरा यी भावाकृतिहरू
तिम्रो त्यही कैश्वर्यको नाम
समर्पण गरिदिन्छु ।

तिम्रा आँखाका ती परेलीहरूबाट
मेरो त्यो बालक-मन
पटक-पटक सुरेली खेल्दै
तिम्रो मुटुको तहमा ओर्लेको
अझ तक
मेरा यी स्मृतिपटल भरि
आलोको आर्ले छ ।

तिम्रा ती कैश्वर्यको स्मृति
मेरो निति
एउटा आत्मिय गोरेटो-
राजमार्गका हो-हल्ला र हत्तार टार्न,
धूलो, धूँवा र धक्काहरू छल्न
मैले त्यही गोरेटो गोरेटो टहल्ने गरेको छु ।

तिम्रा ती कैश्वर्यका स्मृति
मेरो निति
एक वृन्दावनी कुञ्ज
जसका शीतल छायामनि
मेरी मानसी राधा
आपसी वैमनस्यताका गर्मी झेल्न
आश्वस्त सुस्ताउने गर्छे ।

तिम्रा किशोरी आँखाका
ती द्रवित तल
हर क्षण-हर पल
मेरा निति पवित्र गङ्गाजल
जसमा
मेरा कुत्सित भावनाहरूले
आपना देहका कलमषताहरू
धोइ-पखाल्ने गरेको छ ।
तिम्रो कैश्वर्यको नाम
मेरा मधुर मायामा मुछिएका
मीठा-मीठा मह सरह
मेरा सततः मायालु नयन ।

तिम्रा आपनै मायालु
मेरा यी आँखाहरूका..... ।

शिलगढी

ध्यानमग्न भक्तहरू

– रामेश्वर राउत 'मातृदास'

ओत लाग्ने वास छैन
भोक लाग्दा गाँस छैन
प्यास लाग्दा पानी छैन
ब्वाँसाहरूको रग-रगी छ
मुसाहरूको जग-जगी छ
घाम/जून/तारा लुकेको बेला यो
आकाशलाई खडेरी लागेको छ
धरतीलाई भोक बढेको छ
उराठ लाग्दो केवल च्यारच्यार-च्यारच्यार
लाटोकोसेराहरूको थोवो स्वर छ
खै के भएको भनौं !
आँखा भएर पनि अन्धा झैं
जिब्रा छेंदा छेंदै लाटा भएका
हावा फुस्केको भकुण्डो जस्तै
चौताहरू बसाई सरेको मन्दिरमा
गजूरमा दुबो सारेर
भक्तहरूको हुल ध्यान मग्नहरू । ★

सिन्धुपाल्चोक, ठूलोकर्नी

विकराल-सपना

— नन्दा बस्नेत

घमिराले खाइरहेछ–
हाम्रो घरको प्रत्येक टेवल–चौकी
घमिरा फैलिरहेको छ–
घरको प्रत्येक ज्याल– ढोका,
अनि प्रत्येक काठमा,
अब, यसलाई फैलन दिनु हुदैंन,
नत्र, एकदिन हामीले,
भोको नांगो रहेर,
हिउँदको शीतमा कक्रिएर,
वर्षाको झरिमा भिजेर,
त्यो, न्यानो उज्यालो बिहानीको प्रतिक्षामा,
थर–थर काम्दै रात बिताउनु पर्नेछ।
घमिराले खाई रहेछ––
घरको प्रत्येक खाँबो,
त्यसमाथि मुसाले खोक्ली रहेछ,
हाम्रो घरको धरातल,
यसैले अब, हामीले–
यो बिहानी हुँदै,
त्यो उज्यालो छँदै,
घरको जगेर्ना गर्नु पर्छ,
त्यो घमिरा र मुसाले प्रभुत्व नजमाउँदै,
यो बिहानीले हामीलाई
अलबिदा नभन्दै,
यो हाम्रो घर निर्माण गर्नुपर्छ,
हो हामीले पुनः निर्माण गर्नेपर्छ।

दार्जीलिङ

Felicitations
To All Fellow Nepalese on
DEMOCRECY DAY
AIR EXPRESS PVT LTD

Gsa Kuwait Airways
Po. Box. 3263 Tel 222884

Gsa Saudi Airways
Po. Box. 3262 Tel 222787

सयपत्री पुष्प

– दुर्गाचरण थापा

सय नै सय पाता मिलेर
बसेको कुसुम सयपत्री
ऋतुमा ऋतु जनाउने
कति मनोहर सयपत्री पुष्प ।
ती घर आँगन र कोठे बारीमा,
लटरम्म फूल्ने फल्ने,
अति कोमल पुष्प सयपत्री ।
दशैं र तिहार पर्वको,
संझना गराउने सयपत्री,
चेली र माईती बिचमा ।
सयपत्री औ अन्य पुष्पहरू
एकै लहरमा हार लगाई,
दिदी र बहिनीले द्वितीयामा
गलाभरी लगाई दिने,
नौ गेडी र कण्ठ झैं,
कति पवित्र पुष्प,
स्वच्छ पुष्प सयपत्री ।
समाजको जस्तो एकीकृत मेल देखने,
चाड–पर्वको संझना गराउने,
फूल्ने फल्ने सयपत्री पुष्प,

त्यही सयपत्रीमा त छन् ती,
अनेकौं नामावलीहरू पनि,
आँगन र कोठे बारीमा मात्र,
नभएर पनि त कति,
कतै गमला तिर पनि
रोपने फूलाउने फलाउने गर्छन्
मानिसहरूले सयपत्री पुष्पलाई ।
कति त रोप्नु नै नपर्ने,
बायुले जहां लगेर फाल्छ,
त्यहीं बसी फूल्ने फल्ने,
कति स्वच्छ सयपत्री ।
अनेकौ पुष्प भरीमा,
ती हुन एक सयपत्री,
मर्दै बाँच्ने अनि बाँच्दै मर्ने,
कति ज्याद्रो सयपत्री पुष्प ।
आहा ! कति प्रचलित भएको,
कति सुबास छरिएको पुष्प,
कति सौन्दर्यको देखने,
हिमाल जति कै स्वच्छ,
अति कोमल सयपत्री पुष्प ।

त्यति मात्र नभएर पनि त
ओखती मुलोमा चल्ने,
सन्नीपात रोगमा,
खाईने सयपत्री पुष्प ।
कति अचम्मको चिज,

पुष्प मध्येमा यो,
सर्वश्रेष्ठ सयपत्री ।

रगेली
पूर्व सिक्किम

'गजल'

यज्ञविक्रम शाही

धोका हुन्छ भन्दै थियौ करकाप गरें मैले
संगै बाँच्ने मर्ने भनी सहीछाप गरें मैले ।
साँच्चै तिमी कति निश्छल शरदको जूनजस्तै
बुझ्नुपर्ने कस्ता कस्ता वार्तालाप गरें मैले ।
तिमी बन्यौ मेरालागि सबैभन्दा भरिमेट्ने
पर्खाएर बाटो छली महापाप गरें मैले ।
भेट हुँदा नहाँसेर मुखभरि थुकिदेऊ
बेगुनी हुँ, आपनो मात्र फलिफाप गरें मैले ।
आफै जानी दिएपनि, अरू लिने हक्क छैन
सजाय वा क्षमा पाऊँ, पश्चात्ताप गरें मैले ।

पैंक– ६, जाजरकोट

गीत

- हरिशरण थापा

आश बिते रहर बिते पल बिते जस्तै
ढुङ्गाहरू देउता भए तिमी किन उस्तै ?
कति आयो गयो बहार तिमीलाई छोएन
बाँझो त्यो मनमा पलाउने कुनै पात भएन
तिमी किन तकिन्छौ बलेसीको पानी झैं
सुन्दर मुहारको घिनलाग्दो बानी झैं
अंध्यारोलाई हेरिबस अंध्यारोसाई खेलाउदै
गगनको जूनतारा हेरेर मन बुझाउँदै
तिमी किन हाँस्दिनौ चमेलीको फूल झैं
गडिरह्यो छातीमा बनेर फूल झैं

बालकोट–१ भक्तपुर ।

Felicitations

To All Fellow Nepalese on

Democrecy Day

Pokhara TourS & TraVels

Gsa for China Airlines & Lauda Air,
China Airlines : 227219
Lauda Air : 227315

New Road, Kathmandu, Nepal
Pho No. 224613, 224392
Telex : 2285 NP. P. O. Box 927

जङ्गलको हरियो खरानी : आगो लागेपश्चात

– राजेस छेत्री

इच्छाहरू हृदयभरि भए, तैंपनि
हिंडाइहरू समानान्तर चल्दैनन्,
सोचाइहरू यथावत डुब्दैनन् ।
मनको दोबाटो हिंड्दै थिए
सम्झनाहरू,
कल्पनाहरू हिजोआज छुट्टीमा छन्
काम नभएर बिपनीहरू निद्रामा छन्
रातहरू नभएर ।
यथार्थहरू सपनाहरूसित लुकीचोरी खेल्दैथिए ।
मानसपटलबाट चियो गरेको मैले
दिनहरू
घाममा पँखेरा खोजिरहेछन्
पिउनुताई घुटका घुटका
साँझहरू सागरको किनारमा
रमाइरहेका हुन्छन उन्मत्त भएर
बालुवा खेलिरहेछ, कलमहरू
भावनाहरू, आँशु पिउन व्यस्त छन् ।
बर्सात् लागे यस्तै हुँदो हो जिन्दगी ।
दलदलहरू, पँह्रोहरू, मनभरि
बालुवाहरू हुँदैनन् पनि ।
छाना कराइरहन्छ उसो ता,
कानहरू शिलाइरहन्छन् त्यसो ता,
एकान्त भित्र कोठामा सुतिरहेछ ।
सुनसान गल्लीहरू, नीलो रङ्गको घर
बादल ऋणमा लिएको आकाशले
हुस्से छेन' रे,
उज्यनी कम्ती हुन्छ नीलो घर हिजाज ।
आकाश हाँस्न छोड्यो जीवनको ।
हरिया रूखहरू सबै ढल्यो' रे ।
हिजोको हूरी बतासले
खरानीको घर त्यस्तै रहेछ आँधीमा पनि ।

✶ –दार्जिलिङ

कुनै पनि मान्छेले भूल गर्न सक्तछ तर एकजना मूर्खले मात्र भूललाई निरन्तर दोहऱ्याइ रहन्छन् ।

– क्विसेरो

जोश भनेको बडो असल हुन्छ । जसमा जोश हुदैन त्यो मुर्दा तुल्य हुन्छ तर जोशलाई बढी आउन दिनुहुन्न ।

– बी. पी कोइराला

सार्थकता-जिन्दगीको

अम्बर मिश्र 'घायल'

मनै खोजिरहेछ आज
सार्थकता जिन्दगीको
बिमार भएर धेरै दिन लड्यो
विवशताको बिछौनामा
एकान्तमा एक्लै-एक्लै
सुक्सुकाइ रहेछ-सार्थकता
एउटा निर्जीव मुडा झैं लडेको छ
मेरो निधारमा-सार्थकता
एउटा पहिरो झैं घस्केकोछ
मेरो छाचीमा-सार्थकता
जनसख्याको थपना अंक भएर
बेअंग भएको छ-सार्थकता
पाइताला पाइतालामा सेप्टिक भएर
दुखिरहेछ 'म' बाँच्नुको-सार्थकता
जिन्दगीको थाप्लो थाप्लोमा बोझ भएर
थाकिरहेछ 'म' हुनुको-सार्थकता
एउटा सानो बालकले बेस्सरी कोरेको
एउटा नबुझ्दो कागज भएको छ-
मेरो अतितको सार्थकता
मेरो वर्तमानको-सार्थकता
मेरो भविष्यको-सार्थकता
मेरो जिन्दगीको सार्थकता
एउटा भिखारीको रित्तो टबाक्र भएको छ
मेरो जिन्दगीको सार्थकता
कुनै अस्पतालको पलंगमा
पीडाले छट्पटाइरहेको
एउटा अभागी रोगी जस्तै रोइरहेछ
कतै गुहार माँग्दै रूँदैछ
आज मेरो-सार्थकता
कतै थाकेर लम्पसार परेको छ
आज मेरो-सार्थकता
रुँदै छ आँखाभरि
आँशु बनेर सार्थकता
चर्कंदैछ ऐना जस्तै
चोइटिएर सार्थकता
आज म जिउँदो छु
सार्थकताको चिहान माथि
आज म रूँदैछु
सार्थकताको लाश माथि
अब त लाज पचाएर भन्छु

अब त शरीरको रगतलाई चिस्साएर भन्छु
'म' हुनुको सार्थकता
'म' बाँच्नुको सार्थकता
'म' जन्मनुको सार्थकता
मेरो नाङ्गो लाशको
लाज छोप्ने
एक टुक्रा कालो भएर
बेरिएको छ–सार्थकता

यसै–मौन छ आज सार्थकता
मलाई जलाउने दाउराको
थाक भएर–चिता भएर
खोलाको बगरमा
जलिरहेछ–जलिरहेछ
आज मेरो सार्थकता ।

सिक्किम

साँधहीनता

– ध्रुव चौहान

तिम्रो अनुपस्थिति मलाई
एकक्षण पनि सह्य छैन अचेल ।
म त तिम्रै घर वरिपरिको
छर–छिमेक हुनु नी ।
एउटै धाराको पानी बोकी खाने
तिम्रा सी साथी–सङ्गी हुनु नी,
सधैं बिहान, सँगै
घाँस–दाउरा लिन जङ्गल जाने
अनि साँझ पख
पाखा–भित्ताको रमाइलो बात गर्ने
म त तिम्रै दौतरी
धनकुमारी र मनकुमारी हुनु नी ।
म त तिम्रो घरमाथिको
पहराको त्यो ठूलो ढुङ्गा हुनु नी,

हरपल तिम्रो यादमा छटपटाउनुको सट्टा
तिम्रो घरको बलेसी र आँगनमा
तिमीलाई सधैं ओहोर–दोहोर गरेको देखीरहने
म त तिम्रो गाउँको डाँडामा उभिरहेको
बर्षौं पुरानो त्यो चिलाउनेको रूख हुनु नी ।
तिमीलाई सताउन पाए हुन्थ्यो ।
म त तिम्रो मनको पीर हुनु नी,
पीडाको प्रत्येक दुःखाइमा
तिम्रो हाक्ले धरि धरि सुम्सुमाइरहने
तिम्रो शरीरको कुनै अङ्गमा
म त
कहिले बिसेक नहुने एउटा चाउ हुनु नी ।

धजिया, दार्जिलिङ

आकांक्षा

डो. बी. राइ

यो आकांक्षा
विश्वको सर्वभन्दा अग्लो एभरेष्ट
त्यहाँ पुग्न सबै असमर्थ छन्
थुप्रै तेन्जिङ र हिलारीको प्रयास थियो
तर सबै असमर्थ
यो आकांक्षा
यसको जति उचाइ
त्यति खस्ने डर
टि. भी., कम्प्यूटर, आँखासम्म
सबैको वाह !! वाह !!
उचाइ चढ्ने प्रोत्साहन
त्यतिनै लेउहरू बसेको
थुप्रै लडाउने दाउमा
उसको उचाइको चढाइसितै
प्रत्येक अक्टोपसीय हातहरूको तनाइ
उसको अनुभूति चढ्न चाहन्छ, अझै
चढ्छ पनि
तर उसलाई आभास भइरहेछ कसैले तान्दैछ
अब उ त्यो चोटीमा पुगेको छ
तर त्यहाँ उसलाई पाइला राख्ने ठाउँ छैन
त्यो त बाँसको टुप्पो जस्तो नुगेको रहेछ
त्यहाँ पुग्नु नै खस्नु रहेछ
उ फेरी तल खस्छ
उसको जति उचाइ
त्यति नै तल ।

डुबंस

श्री ५ महाराजाधिराज सरकारको
दीर्घायु होस ।

नेपाल बैंक लिमिटेड
(स्थापित १९९४)

असन्तुष्टि-कति कविता बनेर आउँछौ

– रामहरि बञ्जारा

तिमी मेरो असन्तुष्टि
कति मलाई कुटु कुटु जिस्काइरहन्छौ
र तिमी मेरो कविता बनेर
मेरै मनको आंगनमा
कति स्वागत र कति बेस्वागत गर्न आइरहन्छौ ?
मलाई थाहा छ–
तिमी मेरो मनभित्रको देवता बन्न चाहन्छौ
र त्यही आडमा म कहिलेकाहिं तिमीलाई
देवता झैं पुज्न थाल्छु
अनि कहिलेकाहिं हे असन्तुष्टि ! तिमीलाई
म मेरो मनभित्रको देवता होइन
मेरै मनभित्रको तर्साउने
राक्षस भएको संमेत पनि हेर्न चाहन्न
र तिमीलाई कतै उज्यालोमा छिर्न नदिने
बचनबद्धता प्रकट गर्दछु
तर यो मेरो बचनबद्धता यसै... उसै खेर गइरहेको छ
तिम्रा तीखा धोचाइले
यी मेरा भावनाहरूलाई थिचीरहेका हुन्छन्
यतिखेर म तिम्रो थिचाइलाई सकेर वा नसकेर
थाम्न विवश भएको हुन्छु
त्यसैले हे असन्तुष्टि ! तिमी
मेरो कविता बनेर यी पानाहरूमा
देखिन बाध्य हुनु पर्छ
मेरा हेराइहरू पनि तिमीले
छायांकन भइदिने बाध्यता स्वीकारी दिनु पर्छ ।

काठ्रे

नेपालगंज, पोखरा, भैरहवा, बीरगंज, गोरखा, पाल्पा, दाङ, हेटौंडा
सम्म आरामदायी एवं समयमा पुग्नकोलागि एक विश्वसनीय
भरपर्दो यातायातको लागि सदैव संझनुहोस् ।

साझा यातायात

कुना बनी रहेछ

ठाकुर शर्मा

जीवनका प्रत्येक कुना
जीवनले नै कु+ना बनाइरहेछन्
उज्यालो+अँध्यारोको
दोसाँधे दिनलाई रात बनाई बिताइरहेछन्
वर्षाकालको प्रलयङ्कारी वातावरण झैं
दिन पनि दीन बनाइरहेछन्,
युद्धका प्रत्येकदिन त्रासदीमा बिताइरहेछन्
तसर्थ,
प्रत्येक दिन कुना बनाइरहेछन् ।
कोलाहलमा हलाहल पिएर
सुख खोज्नेहरू
कोलाहलमा हलाहल पिएर
दुःख विर्सन खोज्नेहरू
स्वयं मृत्यु पिइरहेछन्,
ठुटामा आगो सल्काएर
आनन्दानुभूति गर्नेहरू
आफैंलाई दागवत्ती दिइरहेछन्,
आगो नै पानी/पानी नै आगो हो
बोली नै आगो/बोली नै पानी हो
सुखको चाहनामा काल त के
स्वयंलाई नै अन्धकारतिर धकेलिरहेछन्
तसर्थ,
जीवनका प्रत्येक कुना
कु+ना बनाइरहेछन्
उज्यालो/अँध्यारोको दोसाँधमा
हरपल बाँची रहेछन् ।
को हुँ र के हुँ लाई
ह्वात्त फालेर
विर्सन खोजिरहेछन्
स्वयंलाई जिम्मा लगाएर
कु+ना बनाइरहेछन्,
कालसंग पंखेजोरी खेल्न
छटपटाएको जीवन
जीवनसँग पंखेजोरी खेल्दैछ
ब्रह्माण्डरूपी मस्तिष्क
बोकेको जीवन
कुना बनी पर्खी रहेछ,
चेतनाको लहरसँग
अचेतनमा डुबी रहेछ
कालसँग घृणा गर्ने जीवन

उसकै पछि दौडिरहेछ,
शून्यताको परिधिमा पनि
जीवन,
कुना पसी बाँची रहेछ
हरपल कु+ना बनीरहेछ
तमको भारी बोकेको जीवन
प्रकाशलाई खोजिरहेछ
प्रत्येक पल–
कोलाहलसँगै मृत्यु पिइरहेछ
जीवनका प्रत्येक कुना
कु+ना बनाइरहेछ
कुना बनाइरहेछ ।

—काठमाडौं,
सिफल

बिरामी चेतना

□ महेश रेग्मी

गति– यौवन वाष्पमा
शीत खान्छ
समुद्र– मन
अनन्तताभित्र घुमफीर थाक्छ
आँखाबाट
रहर– निवास भल्किन्छ
आयु–
तरङ्ग तरङ्गिदा
इच्छा स्खलन हुन्छ
मन–
दुर्घटनामा पर्छ
तर बाँच्छ
तर
चिसो पोल्छ
मुटुबाट
धमनी भारछ
रगत छताछुल्ल बग्छ
अज्ञात स्पर्श
जून चढ्छ
दृष्टि–
आगो बल्छ
समष्टि चेतन
बिरामी पर्छ
भताभुङ्ग हुन्छ

पाल्पा
हालः– काठमाण्डौ

कति पुस्तकहरू चाखनको लागि मात्र हुन्छन्, कति खानको लागि मात्र हुन्छन्, भने कतिपुस्तकहरू चाहीँ चपाएर खान र पचाउनकै लागि हुन्छन् ।

—बेकन

सर, तपाईको आँखामा आँसु ?

□ गोविन्द गिरी प्रेरणा

सर,
तपाईको आँखामा आँसु ?
यो म के देख्दैछु
अथवा हो त्यो मेरो
एउटा अपरिपक्व भ्रम ?
कहाँ गए
तपाई भित्र उकिरहने
बाघहरू
जसले सञ्चालन गर्थे
तपाईलाई
र अचानकै बन्नु हुन्थ्यो
तपाई स्वयम्
बाघ ।

सर,
तपाईको अनुहारमा गम्भिरता ?
यो म के देख्दैछु
अथवा हो यो मेरो
एउटा आशङ्का ?
खै कहाँ हराए
तपाईले पालेका
तपाई भित्रका ब्वाँसाहरू
जसले बनाइदिन्थे
स्वयम् तपाईलाई
घरि घरि हिंस्रक ?

सर,
तपाईको पयरमा कम्पन ?
यो म के देख्दैछु
अथवा हो यो मेरो
सूक्ष्म अन्तर दृष्टिको परिणाम ?
कसले खोलिदियो
तपाईको सफेद बस्त्र ?
कसले अनावरण गरिदियो
दाग र टाटाहरू त्यस भित्रको ?
कसले उच्चारण गरिदियो
तपाईको वास्तविक नाउँ ?
सर,
तपाईको आँखामा आँसु ?
यो म के देख्दैछु,
के समय यतिछिटै फुस्किसक्यो
तपाईको पञ्जाबाट ?

—काठमाडौं

यात्रा

गायत्री विष्ट 'गाउँले'

अनवरत अगम्य यात्रा तिमी थाल
म सारथी बन्नेछु ।
यात्रा अनन्त छ ।
यात्रा अग्लो सगरमाथाको मात्र होइन ।
यात्रा अध्यारो गाउँको पनि हो ।
यात्रा चीर निद्रामा पल्टीरहेको बस्तीको पनि हो
हो तिमी, अध्यारो गाउँको यात्रा गर
रथ म हाँक्नेछु सारथी बनी
अजुनी भरी आलोक बोकेर
पैताला भरी स्फूर्ति बोकेर
म छर्दै जान्छु प्रज्ञाको आलोक
तिमी सिंचित गर्दै आउनु
अज्ञानताको अध्यारोले ढाकेको गाउँमा ।
त्याहाँ तिमी न्यायको आवाज छर
म शान्तिको शंख फुक्ने छु ।
तब गाउँ सचेत बनेर बिउझने छ ।
अचेत भएकाहरूलाई
सचेत बनाउनु पनि यात्रा हो ।
अतः अध्यारो गाउँको यात्रा गर्नु पर्छ ।
पूर्ण जाज्वल्यमान आभा बोकेर
अनवरत अगम्य यात्रा तिमी थाल
म सारथी बन्नेछु । ★

साँखु, सलम्बुटार

गीत

– मैयाँ मल्ल

फूल त सबैले रोज्छन्, एकपटक काँडा रोजेर त हेर ।
कर्ते म अल्झेको छु कि एकपटक मुटु छामेर त हेर ।

जीवन एक यात्रा हो, सहभागी धेरै पनि हुन सक्छन्
दौडिन जान्नेहरू शिखरमा त्यसै पनि पुगी हाल्छन्
तर, दौडिन नजान्नेलाई एक पटक साथ दिएर त हेर
कर्ते म अल्झेको छु कि एकपटक मुटु छामेर त हेर,

कल्पना र यादको सागर याहाँ मैले तर्न सकिन,
समाउन त खोज्छु हाँगा तर भेट्न मैले सकिन,
डूब्न लागें लौ न म त एक पटक हात दिएर त हेर,
कर्ते म अल्झेको छु कि एकपटक मुटु छामेर त हेर,

– बालाजु

प्रजातन्त्र आयो है !

सेवकप्रसाद नेपाल

प्रजातन्त्र आयो है भन्छे चरीले
पौरखीको दील सधैं चोखो हुन्छरे
गाउँछु गीत नेपालको प्रीति खुल्छरे
देश बनाउने अभिभारा सबमा हुन्छरे
प्रजातन्त्र ... ...
दुधको भारा तिनें सपुत अमर हुन्छरे
देशको शान हाम्रो मान गौरव बढ्छरे
पंचैराजा खैजेडीमा देश बोल्छरे
प्रजातन्त्र ... .
छरिएका प्रतिभाले जुट्नु पर्छ रे
सिन्चिदिए यो माटोमा लाली चढ्छ्रे
राष्ट्रियता मौलाउँछ शान बढ्छरे
प्रजातन्त्र .. ..

गीत

–विविक्रम पाण्डे

खोलासँग आज एक्लै हिंडे तीरैतीर
आँशु झारी बगाउँदै हृदयको पीर
घाम ताप्ने रहरमा ओझेल परिरह्यो
रित्तो भयो मुटु माया बसाई सरिगयो
दिलको घाउ थाके पनि खाटा मेटिएन
मझधारमा डुबें फेरि किनार भेटिएन
खोलासँग ...
कालो बादल मडारिन्छ मनको आकाशमा
आफ्नै गाउँमा पनि लाग्छ म छु प्रकाशमा
कति कोरूँ नमीठो यो जिन्दगीको कथा
केहि छैन बिरह नै मेरो जायजेथा
खोलासँग ...

– बत्तिस पुतली

लेखक महानुभावहरूमा अनुरोध

नव व र्ष २०५२ को पुनीत उपलक्ष्यमा दायित्व प्रकाशनले रजत अङ्कको रुपमा २५ औं पूर्णाङ्क प्रकाशित गर्न लागेको जानकारी गराउन पाउँदा अत्यन्त खुशी लागेको छ । सो अङ्कलाई बढी आकर्षक एवं उपयोगी बनाउन लेखक महानुभावहरूबाट समसामयिक, सन्दर्भिक एवं सारगर्भित विविध रचनाहरू पाउने हार्दिक अपेक्षा गरिएको छ । रचनाहरू २०५१ साल चैत्र २५ गते सम्म प्राप्त भै सक्नु पर्नेछ । साथै उत्कृष्ट स्थान प्राप्त गर्ने रचनाहरू-लाई उचित पारिश्रमिकको व्यवस्था पनि गरिनेछ ।

—सं.

पो० ब० नं० ६७६६ काठमाडौं ।

भन्नोस् आमा, मलाई कुन कोट किनीदिनु हुन्छ !

– कृष्ण कार्की

सानै उमेर देखिको सोख
अझै पुरा हुन सकेको छैन
रेशमी, ढाका, तास कुन कोट लगाउ
बजारले मलाई बेची रहेको छ,
आमा, कोही रेशमको कोट लगाउँछन्
कोही तास को कोट लगाउँछन्
कोही ढाकाको कोट लगाउँ छन्
भन्नोस् आमा मलाई कुन कोट किनी दिनु हुन्छ
कोराको कोट किनी दिनु हुन्छ कि ?
खद्दरको कोट किनी दिनु हुन्छ कि ?
आफ्नै गुन्यु फरीयाको सिलाई दिनु हुन्छ
भन्नोस् आमा, यसपाली मलाई कुन कोट लगाइ दिनुहुन्छ

पोहर साल पनि, त्यसै टार्नु भो
टालो हालेर कोट लगाएर काकाको घर गएँ
कोट लगाउने धोको जिउँको तिउँ नै रह्यो
आमा भन्नोस् न, यसपाली कुनकोट किनी दिनु हुन्छ ?
उलन्मको किनी दिनु हुन्छ कि,
पोलीस्टरको किनी दिनु हुन्छ ?
कि नाइलनको किनी दिनु हुन्छ,

भन्नोस् आमा: कि बुबाको त्यो खादीको थोत्रो
पाइन्टको कोट सिलाई दिनु हुन्छ ।
आमा भन्नोस् न यसपाली मलाई कुन
कोट किनी दिनु हुन्छ ?
आमा, तपाईले भन्नु हुन्थ्यो
ऐले सबभन्दा राम्रो नफाट्ने कोट आएको छ,
प्रजातन्त्रको कोट
समाजवादको कोट
कांग्रेस कोट
साम्यवादको कोट
जनवादको कोट
कम्युनिष्टको कोट
पचायती कोट
मलाई थाहा छैन कुन कोट केले बनेको हो ?
अब भन्नोस् आमा यी कोट मध्ये मलाई कुन सुहाउँछ
तपाइले भन्नु हुन्थ्यो नी,
प्रजातन्त्रको कोट ठूला हाकिमले लाउँछन्
समाजवादको कोट बडा हाकिमले लाउँछन्
साम्यवादको कोट काजीसाबले लाउँछन्

भन्नोस् आमा, मलाई कुन कोट लगाइ दिनु हुन्छ
सबैले कोट लगाउँछन
म पनि यसपाली कोट लगाउँछु लगाउँछु
ठिकै छ आमा,
तपाइको गून्यू फरीयाको भए पनि
बुबाको खादीको पाइन्टको भए पनि
यसपाली कोट सिलाइ दिनै पर्छ
एउटाकोट किनी दिनै पर्छ ।

गङ्गबु, बालाजु

फूल

□ दुबसु क्षेत्री

* फूलहरू पत्र पत्रबाट
आगो ओकल्दारहेछन्
फूललाई नछुनु,
* फूल देखिदा जति
सुन्दर देखिन्छ
पत्र पत्रबाट हाँसिरहेजस्तो
देखिन्छ
तर यसका प्रत्येक
पत्रहरूमा व्यथा हुन्छ
यसका प्रत्येक
पत्रहरूमा कथा हुन्छ
बाहिर हाँसेको देखिए पनि
भित्र फूल रोइरहेको हुन्छ
बाहिर तिमी हामी सबैलाई
हँसाए पनि
भित्र फूल रोइरहेको हुन्छ
फूललाई नछुनु,
* फूल देखिदा जति
कोमल देखिन्छ
पत्र पत्रबाट कोमलता
फुटिरहे जस्तो देखिन्छ
तर यसका पत्रपत्रहरूमा
चोटहरूको चट्टानहुन्छ कठोर
यसका पत्रपत्रहरूमा
भ्रमराहरूको प्रहार हुन्छ बज्र
बाहिर निर्मल र शिष्ट
देखिए पनि
फूल भित्रभित्रै कस्सिदै गईरहेको हुन्छ
बाहिर तिमी हामीले
कोमल र मृदु देखे पनि
फूल भित्रभित्रै पत्थर भईरहेको हुन्छ
फूललाई नछुनु,
* फूल देखिदा जति
सरल र शीतल देखिन्छ

पत्र पत्रबाट सौम्यताको
सुवास फैलिरहे जस्तो देखिन्छ
तर यसका पत्रपत्रहरूबाट
ज्वालामुखी दन्किरहेको हुन्छ
यसका पत्र पत्रहरूबाट
म्याग्मा फैलिरहेको हुन्छ
बाहिर सरल र सौम्य
देखिए पनि
भित्र फूल उम्लिरहेको हुन्छ]
बाहिर तिमी हामीसँग फक्रेर
सुवासिए पनि
भित्र फूल जलिरहेको हुन्छ
फूललाई नछुनु,
* फूल टाढाबाट सुन्दर
देखिन्छ
यसलाई टिप्न नखोज्नू
फूलहरू पत्र पत्रबाट
आगो ओकल्दा रहेछन्
फूललाई छुन नखोज्नू ।

* वसुन्धरा निकुञ्ज
छ १/२६४-७
विशालनगर, का. न. पा.-४,
काठमाडौं, नेपाल ।

मुक्तक

– व्याकुल माँहिला

हो, जगमगाउँदो हिरा-मोती झैं छौ तिमी प्रिया !
तर भो नसंझ– 'म तिमीलाई रोजिरहेछु'
किनभने, म त मेरो उदाङ्गो-जीन्दगीको
स्वप्नील महल घाउन, पो खोजिरहेछु ।

ओखलढुङ्गा

श्री ५ महाराजाधिराज सरकारको ५० औं शुभ
जन्मोत्सवको सुखद उपलक्ष्यमा मौसुफको
सुस्वास्थ तथा दीर्घायुको लागि मङ्गलमय
शुभ कामना टक्चाउँछौं ।

–जनक शिक्षा सामग्री केन्द्र लि.
परिवार

लेखकले आफ्नो युगको आत्मा र आफ्नो युगमा बांचेका जनताका आकांक्षाको प्रतिनिधित्व गर्दै त्यसलाई शब्द दिनुपर्छ । – पाब्लो नेरुदा

कला सुरक्षा चाहँदैन, स्वतन्त्रता चाहन्छ । उसलाई हिँडिसकेको बाटोमा खुट्टा चाल्न मन लाग्दैन । आफूले हिँडेको बाटो आफैं बचाउन चाहन्छ । –बी. पी. कोइराला

कृति–परिचय

नेपाल अधिराज्यको ७५ जिल्ला मध्ये नुवाकोट एक अत्यन्त महत्वपूर्ण ऐतिहासिक र विविध भौगोलिक विशेषताले परिपूर्ण जिल्ला हो । यस अन्तर्गत अनेक विकृतिहरूलाई उन्मुलन गर्न र चौतर्फी विकासमा योगदान पुऱ्याउन अनेकसंघ, संस्था संलग्न रहेका छन् । यसै परिप्रेक्ष्यमा, नुवाकोटमा भएका महत्वपूर्णस्थल, ऐतिहासिक जानकारी, आर्थिक र सामाजिक आरोहा-वरोहलाई जन समक्ष ल्याउने दृष्टिकोणले "नुवाकोट सम्पदा संरक्षण मञ्च" अग्रसर भएको छ "स्मारिका २०५१ पौष" प्रकाशन गरेर ।

यस्ता प्रकाशनले देशको एक अङ्गलाई पाठक सामु ल्याई दिने कार्य गर्दछ भने हाम्रो देशको कुना काप्चा पनि कति महत्वपूर्ण छन् र देशको उन्नतिमा अवश्य पनि सहयोग पुऱ्याउँछन् भन्ने तर्फ इंगित गर्छ ।

माधवलाल प्रधान, विनोदमान श्रेष्ठ, गणेशराज लोहनी राजन रत्न तुलाधर र अशोक रिमाल सम्पादक मण्डल रहेको यस अङ्कमा ठाकुर प्रसाद गजुरेलको शुभ कामनाको साथै समाज कल्याण परिषद्का सदस्य सचिव डा. ठीका प्रसाद पोखरेलको मन्तव्य रहेको छ ।

जिल्ला परिचय, सम्पदा संरक्षण मञ्च, पुरातात्विक र सांस्कृतिक स्थल, Nuwakot and Ist Future for Tourism, चेली बेटी बिक्रीबाट उत्पन्न समस्या, शिक्षा एवं खेलकूद–कलासाहित्य, जडिबुटी र उपयोगिता र त्रिशूली बजार–हिजो आज जस्ता लेखहरूले विभिन्न दृष्टिकोणबाट परिचय दिई त्यसको समस्या समाधान तर्फ उन्मुख गराएका छन् । धार्मिक अवस्था ··, प्रमुख धार्मिक स्थल, कबिलास महादेव भैरवी मन्दिर···सागर कुण्ड (यात्रा संस्मरण) जस्ता लेखले आध्यात्मिक परिचय गराएका छन् । कविता, कथा, चुटकिला र रोचक तथ्य पनि समावेश गरिएको छ । यसरी विविध सामग्री बोके-को यो पत्रिकाले पाठकलाई अवश्य पनि खुराक पुऱ्याउन खोजेको देखिन्छ ।

साहित्यिक क्षेत्रबाट अविरल रुपमा यो बग्न सके, निरन्तरता प्रदान गर्न सके साहित्यको साथै समाजको उत्थानमा पनि बल पुग्ने थियो—इति--अलम्—

कृति:– 'स्मारिका' (नुवाकोट जिल्लाको)

प्रकाशक:– नुवाकोट सम्पदा संरक्षण मञ्च

आवरण:– चन्द्रकान्त ताम्राकार

साल:– २०५१ पौष

अङ्क:– १

वर्ष:– १

मूल्य:– सहयोग २०।– संस्थागत रु. २५'–

ठाकुर